नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

## परियोजना कार्यान्वयन इकाई

## गुल्मी

प.सं.: ०७७/७८
च.नं.: १६१

मितिः २०७७/०९/०७

विषयः प्रस्ताव आह्वानको सूचना सम्बन्धमा।

श्री नगर कार्यपालिकाको कार्यालय, रेसुङ्गा नगरपालिका।
श्री नगर कार्यपालिकाको कार्यालय, मुसिकोट नगरपालिका।
श्री गाँउ कार्यपालिकाको कार्यालय, मालिका गाँउपालिका।
श्री गाँउ कार्यपालिकाको कार्यालय, मदाने गाँउपालिका।
श्री गाँउ कार्यपालिकाको कार्यालय, इश्मा गाँउपालिका।
श्री गाँउ कार्यपालिकाको कार्यालय, धुर्कोट गाँउपालिका।
श्री गाँउ कार्यपालिकाको कार्यालय, चन्द्रकोट गाँउपालिका।
श्री गाँउ कार्यपालिकाको कार्यालय, छत्रकोट गाँउपालिका।
श्री गाँउ कार्यपालिकाको कार्यालय, कालिगण्डकी गाँउपालिका।
श्री गाँउ कार्यपालिकाको कार्यालय, गुल्मीदरवार गाँउपालिका।
श्री गाँउ कार्यपालिकाको कार्यालय, रुरुक्षेत्र गाँउपालिका।
श्री गाँउ कार्यपालिकाको कार्यालय, सत्यवती गाँउपालिका।

प्रस्तुत विषयमा प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, परियोजना कार्यान्वयन इकाई, गुल्मीको आ.व. २०७७/०७८ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत स्थानीय तहको लागत सहभागितामा बीउ श्रोत केन्द्र स्थापना कार्यक्रम संचालनका लागि जिल्लाभरिका कृषक समुह/कृषक सहकारी/कृषि फर्म/कम्पनी/कृषि उद्यमीहरुले परियोजनामा सुचिकृत भई दोस्रो पटकको लागि मिति २०७७/०९/०७ गते देखि मिति २०७७/०९/२१ गते सम्म १५ दिने सूचना प्रकाशन गरिएको व्यहोरा जानकारीका लागि अनुरोध छ। साथै सो अवधि भित्र कार्यालय समयमा परियोजना कार्यान्वयन इकाई, गुल्मीमा प्रस्ताव दर्ता गराउन जिल्लाभरिका कृषक समुह/कृषक सहकारी/कृषि फर्म/कम्पनी/कृषि उधमीहरुको सहजताको लागि तहाँ पालिका र मातहतका वडाहरुको सूचना पाटीमा यसै पत्र साथ पठाईएको सूचना नं. ९ टाँस गरि सहयोगका लागि सादर अनुरोध छ।

नारायण काफ्ले
वरिष्ठ कृषि अधिकृत

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
## परियोजना कार्यान्वयन इकाई
## गुल्मी

visit nepal 2020 Lifetime Experiences

प.सं.:
च.नं.: मिति:..२०७७/०९/०७........

### कार्यक्रम माग तथा संचालनका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना
**दोस्रो पटक सूचना प्रकाशित मिति:- २०७७/०९/०७**

सूचना नं: ०९

प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, परियोजना कार्यान्वयन इकाई, गुल्मीको आ.व.२०७७/०७८ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत तपशि बमोजिमको कार्यक्रम संचालनका लागि जिल्लाभरिका कृषक समुह/कृषक सहकारी/कृषि फर्म/कम्पनी/कृषि उद्यमीहरुले परियोजनामा सुचिकृत भई दोस्रो पटकक लागि मिति २०७७/०९/०७ गते देखि मिति २०७७/०९/२१ गते सम्म १५ दिने सूचना प्रकाशन गरिएकोले सो अवधि भित्र कार्यालय समयमा परियोज कार्यान्वयन इकाई, गुल्मीमा प्रस्ताव दर्ता गराउनु हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। साथै आवेदन प्रस्ताव फारम परियोज कार्यान्वयन इकाई, गुल्मी वा सम्बन्धित स्थानीय तहको कार्यालयबाट वा कार्यालयको वेभसाईट https://www.piugulmi.pmamp.gov.np/ प्राप्त गर्न सकिने व्यहो जानकारीका लागि अनुरोध छ। म्याद भित्र प्राप्त भएका आवेदन प्रस्तावहरुको छनौट परियोजना कार्यान्वयन म्यानुअल-२०७७ ले तोके बमोजिम हुने कु जानकारी गराईन्छ।

तपशिल:

| सि.नं | कार्यक्रम/क्रियाकलाप | परियोजनाबाट व्यहोर्ने अनुदान प्रतिशत | वार्षिक लक्ष्य | कार्यक्रम सञ्चालन हुने क्षेत्र | कैफियत |
|---|---|---|---|---|---|
| १. | स्थानीय तहको लागत सहभागितामा बीउ श्रोत केन्द्र स्थापना कार्यक्रम | परियोजना कार्यान्वयन म्यानुअल-२०७७ ले व्यवस्था गरे बमोजिम | १ वटा | जिल्ला भरि | परियोजना, स्थानीय तह र लाभग्राहीको लागत साझेदारीमा बीउ स्रोत केन्द्र स्थापना गरिने। कुल लागतको कम्तीमा १५ प्रतिशत लाभग्राहीको लागत सहभागिता हुनुपर्ने तथा स्थानीय तहको समेत लागत सहभागिताको प्रतिबद्धता हुनु पर्ने। |

**प्रस्तावका साथ अनिवार्य रुपमा पेश गर्नुपर्ने कागजातहरु:**

१.रु. १० को टिकट टाँस गरि निवेदन।
२. परियोजना कार्यान्वयन इकाईले तयार गरेको रित पूर्वक भरेको आवेदन फारम।
३. कृषक समुह/कृषि फर्म/ कम्पनी /कृषि उद्यमी दर्ता तथा नविकरण प्रमाणपत्रको प्रतिलिपि।
४. लेखा परिक्षण प्रतिवेदन, कर चुक्ता र स्थायी लेखा नंबर प्रमाणपत्रको प्रतिलिपि।
५. कार्यक्रम सञ्चालन हुने स्थानै (जग्गा/जमिन) को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तीमा ५ वर्षको सम्झौतानामा।
६. कृषक समुह/कृषक सहकारी/कृषि फर्म/कम्पनी/कृषि उद्यमीको प्रमुख वा अध्यक्ष र निवेदकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।
७. कार्यक्रम माग सम्बन्धी बैठकको निर्णयको प्रतिलिपी।
८. सम्बन्धित स्थानीय तहको वडाको सिफारिस र अन्य कैफियतमा उल्लेख गरिएका कागजातहरु।
९. स्थानीय तहको लागत सहभागिताको प्रतिवद्धता पत्र।

वरिष्ठ कृषि अधिकृत